राष्ट्रपतिसमक्ष महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन पेस

काठमाडौँ, २१ पुसः राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेस गरिएको छ ।राष्ट्रपति भवन शीतल निवासमा सोमबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलसमक्ष महान्यायाधिवक्ता सविता भण्डारीले उक्त प्रतिवेदन पेस गर्नुभएको हो ।

वार्षिक प्रतिवेदनमा सरकारी वकिल कार्यालयबाट सम्बन्धित तहको अदालतमा दायर रहेका मुद्दा, रिट तथा निवेदनमध्ये ७५ हजार १६५ थान फछ्र्यौट भएकामा सरकारको पक्षमा फछ्र्यौट प्रतिशत ६६.३४ रहेको छ ।

यस आर्थिक वर्षमा देशैभरका अनुसन्धान निकायमा दर्ता भएका नेपाल सरकार वादी भएका मुद्दासँग सम्बन्धित कसुरको संख्या ५९ हजार ३५५ रहेकामा सरकारी वकिल कार्यालयबाट नेपाल सरकार वादी भई ४२ हजार १०९ थान मुद्दामा ६६ हजार ३८२ जना व्यक्ति उपर मुद्दा चलाउने गरी निर्णय भएको छ ।

त्यस्तै, चार हजार ५४७ थान मुद्दामा चार हजार ८४१ जना व्यक्तिउपर मुद्दा नचलाउने निर्णय भएको प्रतिवेदनमा छ । त्यसैगरी महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयबाट कुल तीन हजार ७५ प्रतिवादी रहेको दुई हजार ६१२ थान मुद्दामा मिलापत्रको आदेश भएको छ ।

यस आवमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरूसँग ५२ वटा विषयमा कानुनी राय माग भएकामा ४७ वटा विषयमा राय प्रदान गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयबाट अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको जम्मा सत्त्या एक लाख २७ हजार ४०९ रहेको छ । नेपाल सरकार वादी भएका मुद्दाको संख्या एक लाख पाँच हजार ३६, नेपाल सरकारउपर दायर भएका रिटको सत्त्या १६ हजार ५१४ र अन्य निवेदनको सत्त्या पाँच हजार ८५९ रहेको छ । संख्या गत आर्थिक वर्षको भन्दा ३.९० प्रतिशतले कमी हो ।

नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र सङ्घीय कानुनबमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था रहेको छ ।रासस

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चरिकोट दोलखा,
बागमती प्रदेश, नेपाल ।

बीमाका लागि सिलबन्दी प्रस्तावपत्र आह्वानको सूचना ।

सूचना प्रकाशित मिति : २०८२/०९/२२

यस नगरपालिकाको तपशिल वमोजिमको कार्यका लागि इच्छुक फर्म / कम्पनिले २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म / कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा अन्य आवश्यक कागजात सहित संलग्न गरी नगरपालिकामा तपशिल वमोजिमको समय अवधि भित्र प्रस्तावपत्र खरिद गरी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावपत्र सम्बन्धि कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

क्र.स.	ठेक्का नं.	ठेक्का / योजनाको नाम	प्रस्तावपत्र फारम दस्तुर रु.	प्रस्तावपत्र फाराम खरिद अवधि	प्रस्तावपत्र फाराम दाखिला अवधि	प्रस्तावपत्र खोल्ने मिति र समय
१	BMP/SQ/CS/2082-83/01	दुई पाङ्ग्रे, चार पाङ्ग्रे हलुका सवारी साधन, सरसफाई व्यवस्थापनका सवारी साधन तथा ब्याकहो लोडरको आ.वा. २०८२/८३ को लागि बीमा गर्ने कार्य	१,०००/-	२०८२/१०/०६ गते कार्यालय समय भित्र	२०८२/१०/०७ गते दिनको १२ वजे भित्र	२०८२/१०/०७ गते दिनको १ वजे
२	BMP/SQ/CS/2082-83/02	कर्मचारीहरुको आ.वा. २०८२/८३ को लागि दुर्घटनाबीमा गर्ने कार्य	१,०००/-			

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चरिकोट दोलखा,
बागमती प्रदेश, नेपाल ।

प्रस्तावपत्र स्वीकृतिका लागि आसयको सूचना ।

सूचना प्रकाशित मिति : २०८२/०९/२२

भीमेश्वर नगरपालिकाबाट नगरपालिका क्षेत्र भित्र राखिएका व्यवसायिक होर्डिंग/डिजिटल बोर्ड र अन्य व्यवसायिक बोर्डहरुको विज्ञापन कर ठेक्का बन्दोवस्ती गरी ठेक्का लगाउनका लागि ठेक्का आह्वानको सूचनानुसार कार्यालयमा दर्ता भएका शिलबन्दी प्रस्तावपत्रहरु मध्ये उच्च रकम कवोल गर्ने देहाय अनुसारको शिलबन्दी प्रस्तावपत्र स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सि.नं.	ठेक्का नं.	ठेक्काको विवरण	प्रस्तावपत्र स्वीकृत हुने प्रस्तावपत्रदाता र ठेगाना	स्वीकृत हुने कबोल रकम रु. (मुअकर सहित)	बोधार्थ
१.	BMP/SQB/GOODS-Revenue/2082-83/01	विज्ञापन कर (भीमेश्वर नगरपालिका)	Akriti Advertising, Biratnagar, Morang	१,४०,०००/-	१) Sign Hub Pvt. Ltd. २) Chhaya Advertising

नेप्सेमा वृद्धि

चरिकोट (दीस) : नेपाल शेयर बजार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा साताको दोस्रो दिन सोमबार ६ अर्ब ४७ करोड ३७ लाख ३६ हजार ९९ रूपैयाँ बराबरको कारोबार भएको छ ।

सोमबार नेप्से परिसूचक २८ दशमलव ७३ अंकले बढेर दुई हजार ६३९ दशमलव ३७ बिन्दुमा कायम पुगेको हो । आइतबारको तुलनामा सोमबार नेप्से परिसूचकमा १ दशमलव १० प्रतिशतको वृद्धि भएको छ । नेप्सेका अनुसार सोमबार ३३५ कम्पनीका कुल एक करोड २४ लाख ५९ हजार ९५१ कित्ता शेयर ८४ हजार ९९० पटक खरिदबिक्री भएका छन् । कारोबार रकम र कारोबार भएका शेयर सख्याका आधारमा सोमबार शिवम सिमेन्ट लिमिटेडको सबैभन्दा धेरै कारोबार भएको छ । उक्त कम्पनीको ३८ करोड ६९ लाख ५० हजार ३४७ रूपैयाँ बराबरको छ लाख २२ हजार ८४० कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।

निजी...

गर्ने अत्याधुनिक उपकरणहरू, विज्ञ जनशक्तिको सेवामा निर्भर हुन्छ । स्वदेशमै गुणस्तरीय स्वास्थ्य सेवा पाउँदा विरामीले दुई पैसा महंगो पनि तिर्न तयार हुन्छ तर यहाँ अस्वस्थ प्रतिस्पर्धा छ । पछिल्लो समय समाजमा बढेको अनुशासनहीनता र अराजकताको शिकार खासगरी निजी अस्पतालहरू बननु परेको छ । कुनै पनि डाक्टरले बिरामीलाई बचाउनैका लागि अन्तिम समयसम्म प्रयास गरेको हुन्छ तर सबै बिरामीको रोग निको नहुनसक्छ र यसको मृत्यु भएमा आफन्तहरूले डाक्टरहरूमाथि आक्रमण गर्ने अस्पताल तोडफोड गर्ने पव्रवृत्त बढ्दै गएको छ । यसले गर्दा डाक्टर र निजी अस्पतालहरूले असुरक्षित अनुभव गरिरहेका छन् । विश्वका अन्य देशहरूमा राज्यले पूर्ण सुरक्षाको प्रत्याभूति दिएको हुन्छ । ती देशहरूमा पनि उपचार गर्दागर्दै विरामीको मृत्यु हुन्छ तर यसलाई मुद्धा बनाएर कुटपिट, तोडफोड गर्ने काम हुँदैन ।

निष्कर्ष

निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरू सरकारी अस्पतालका प्रतिस्पर्धी नभएर स्वास्थ्य प्रणालीको पूरक संरचना हुन् । उचित नियमन, पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्नसके निजी अस्पतालहरूले नेपालको स्वास्थ्य सेवा गुणस्तरीय, पहुँचयोग्य र दिगो बनाउन महत्वपूर्ण योगदान दिन सक्छन् । निजी क्षेत्रलाई स्वास्थ्य क्षेत्रमा लगानी गर्न प्रेरित गर्न नीतिगत स्थिरता, सरल नियमन, बिमा प्रणाली सुदृढीकरण र सार्वजनिक-निजी सहकार्य अत्यावश्यक छ । स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरू समाधान गर्नसके निजी लगानीले स्वास्थ्य सेवा गुणस्तर, पहुँच र आत्मनिर्भरतामा ठूलो योगदान दिन सक्छ । नेपालजस्तो विकासशील अर्थतन्त्रका लागि अहिले नै स्वास्थ्य सेवामा सरकारको पूर्ण लगानी वित्तीय साधनस्रोतको सीमिततालै गर्दा सम्भव नहुने हुँदा निजी क्षेत्रलाई परिपूरकको रूपमा स्वास्थ्य सेवामा सहभागी गराउन तथा तिनको प्रभावकारी नियमन गरेर अघि बढ्न उपयुक्त देखिन्छ । स्वास्थ्य सेवामा आममानिसको पहुँच सुनिश्चित गर्न सरकारी र निजी अस्पतालहरूबीच सहकार्य हुनु आवश्यक छ । राससबाट

सूचना ! सूचना !! सूचना !!!

मिति २०८२ साउन १ गते चरिकोटबाट काठमाडौँ जाने क्रममा निम्नानुसारको विवरण भएको Migration Certificate **(अभिगमन प्रमाणपत्र) हराएको हुनाले उक्त प्रमाणपत्र फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।**

विवरण:

विद्यार्थीको नाम: निश्चल कायस्थ
बाबुको नाम: श्री सिताराम कायस्थ
रजिष्ट्रेशन नम्बर: 727633313
सिम्बोल नम्बर: 27607764
हराएको स्थान: चरिकोट-काठमाडौँ सडक खण्ड
सम्पर्क: 9842530282
थप जानकारी: 9844195122